# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।११।२६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

भ्याली कलेज अफ टेक्निकल साइन्समा पढाउँदै आएका शिक्षक खेमराज शाहीले पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत पब्लिक हेल्थ संकायको गत अशोज महिनामा लिइएको चौथो सेमेस्टरको परीक्षामा सामेल बायोस्टाटिस्टिक्स (Biostatistics) विषयका परीक्षार्थीहरूलाई झुक्यानमा पारी परीक्षामा पास गराउने भनी प्रतिव्यक्ति रु.२५,००० ।— (पच्चीस हजार) रकम लिइ खाएको भन्ने महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंबाट यस आयोगमा दर्ता हुन आएको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा पूर्वाञ्चल विश्वविद्यालयबाट बायोस्टाटिस्टिक्स (Biostatistics) विषयको उत्तरपुस्तिका परीक्षणको जिम्मेवारी पाएका निज खेमराज शाहीले निजको साथी अर्जुन भाट र होप इन्टरनेशनल कलेजमा अध्ययनरत प्रवेग कोरालसँग बदनियतपूरवक मिलेमतो गरी आफूलाई परीक्षण गर्ने जिम्मेवारीका साथ आएको उत्तरपुस्तिकामा फेल भएका परीक्षार्थीहरूसंग आर्थिक लेनदेन गरी परीक्षाको नतिजा फेरबदल गर्ने गलत मनशाय राखी,परीक्षार्थीहरूसँग सम्पर्क गर्ने कार्यमा निज अर्जुन भाटलाई लगाई केही परीक्षार्थीसँग तत्काल र केहीसँग पछि पैसा लिने शर्तमा परीक्षामा सहभागी ६ जना अनुत्तीर्ण परिक्षार्थिहरुको उत्तरपुस्तिकामा आफैले तथा, निज अर्जुन भाट र प्रवेग कोराललाई लेख्न लगाई अनुत्तीर्ण परीक्षार्थीलाई उत्तीर्ण गराई परीक्षार्थीबाट रकम लिई एक आपसमा बाँडफाँड गरी खाई निज खेमराज शाहीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको देखिंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम सजाय हुन तथा निज खेमराज शाहीसँग एक आपसमा मिलेमतो गरी परीक्षार्थीहरुलाई करकाप तथा प्रलोभनमा पारी आर्थिक लेनदेन गरी परीक्षार्थीहरूबाट रकम लिई एक आपसमा बाँडफाँड गर्ने मनशायका साथ परीक्षाको नतिजा फेरबदल गर्ने कार्यमा मतियार भई निज अर्जुन भाट र प्रवेग कोरालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १३ ले हुने सजायमा ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता